प्रदेश सरकार
भुमि व्यवस्था,कृषि, सहकारी तथा गरिबी निवारण मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
म्यागदी, बेनी
गण्डकी प्रदेश

इमेल : akcmyagdi@gmail.com
फोन नं ०६९-५२०१३०
वेभसाइट: myagdi.akc.gov.np

च.नं. १२५

पत्र संख्या: २०७८/७९

मितिः २०७८/०८/०६ गते ।

## कार्यक्रमका लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सुचना

(प्रथम पटक प्रकाशित मिति २०७८/०८/०६ गते)

प्रस्तुत विषयमा यस कृषि ज्ञान केन्द्र, म्यागदिको आ.व २०७८/०७९ मा संचालन गरिने प्राङ्गारिक खेति कार्यक्रम (कृषि विकास कार्यक्रम) संचालन गर्न ईच्छुक म्याग्दी जिल्ला भित्रका नियमानुसार दर्ता भएका कृषक समुह, कृषि सहकारी, र उद्यमीले यो सुचना प्रकाशित भएको मितिले ३० दिन भित्र तोकिएको ढाँचामा प्रस्ताव भरी देहाय अनुसारको कागजातहरु र निवेदन यस केन्द्रमा पेश गर्नका लागी सम्बन्धित सबैको लागि यो सुचना प्रकाशित गरिएको छ ।

| क.स | कार्यक्रमको विवरण | कार्यक्रम संख्या | कुल बजेट (रु. लाखमा) | अनुदान प्रतिशत | कैफियत |
|---|---|---|---|---|---|
| १ | कृषि उपजको बजार प्रबर्धन | १ | २.५ | बढिमा ८० प्रतिशत सम्म | |
| २ | समुह वा सहकारीका लागि खुल्ला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान | १ | ५ | | |
| ३ | एकल फार्मका लागि खुल्ला जमिनमा प्राङ्गारिक उत्पादन अनुदान | ५ | ६ | | |
| ४ | प्राङ्गारिक उत्पादनका लागि प्लाष्टिक घर विस्तार अनुदान | ७ | ५ | | |

**प्रस्ताव पेश गर्नको लागि आवश्यक कागजातहरु**

१) कृषि फर्म दर्ता प्रमाण पत्र (नविकरण नभएको भए नविकरण गरेको), PAN/VAT दर्ता प्रमाण पत्र र पछिल्लो आ.व को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि ।

२) कृषक समुह वा कृषि सहकारी सस्थांको हकमा संस्थां दर्ताको प्रमाण पत्र (नविकरण नभएको भए नविकरण गरेको), बार्षिक लेखापरिक्षणको प्रतिवेदन पछिल्लो आ.व को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र सस्थां संचालक समितिको बैठकको निर्णयको प्रतिलिपि ।

३) खेति गरिने जग्गाको लालपुर्जाको प्रतिलिपि साथै करारमा लिएको जग्गाको हकमा कम्तिमा १० बर्षको करारनामाको प्रतिलिपि ।

४) सम्बिधत स्थानिय तह वा वडाको कार्यक्रम संचालनमा दोहोरो सहयोग नभएको वा (दोहोरोपना नहुने) र कार्यक्रम दिन उपयुक्त हुने व्यहोरा लेखिएको सिफारिस पत्र ।

५) प्रस्ताव परियोजना स्थलको फोटो ।

६) कार्यविधि अनुसार कार्यक्रम प्रस्तावनाको १ प्रति ।

७) रु. १० को टिकट ।

पुनश्चः निवेदन र कार्यक्रमको माग सम्बन्धि प्रस्तावनाको ढाँचा कृषि ज्ञान केन्द्र म्याग्दिको वेभसाईड myagdi.akc.gov.np बाट डाउनलोड गर्न सकिनेछ वा यस कृषि ज्ञान केन्द्र बाट पनि प्राप्त गर्न सकिन्छ ।

किरण गिरी देल
वरिष्ठ बागवानी विकास अधिकृत
अधिकृतस्तर नवौं

Scanned with CamScanner